आज मिति २०७९।०६।११ गतेका दिन दिउसो ठिक ३:०० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ८औं बैठक बसी तपशिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो।

**तपशिल:**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | उप-प्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री सन्तोष कुमार ओली | अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री हरि प्रसाद चौधरी | अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष, वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | श्री दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | श्री झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| १९ | श्री कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| २० | श्री दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | श्री शेर बहादुर बुढा | सचिव | |
| अन्य उपस्थिति | | | |
| १ | माधव कुमार जैसी | प्रशासन शाखा प्रमुख | |
| २ | | | |

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भज्ञा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १ योजना तथा ठेक्काहरुको म्याद थप सम्बन्धमा।**

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा संचालित तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरु संचालन भईरहेकोमा स्थानीय तह सदस्य निर्वाचन र सो को आचारसंहिताका कारण तोकिएको समयमा सम्पन्न गर्न नसकिएको व्यहोरा सहित म्याद थपका लागि यस कार्यालयमा पेश भएका निवेदन बमोजिम योजना तथा कार्यक्रमहरुको सम्बन्धमा प्राविधिक सिफारिसका आधारमा आवश्यक कागजातहरु जाँच गर्दा देहायको अवधि सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो।

तपशिल

| क्र.सं. | योजनाको नाम | सम्झौताको म्याद कायम अवधी | थप गरिएको अवधी |
|---|---|---|---|
| १ | बल्चौरमा बादी बस्ती सुरक्षित आवास निर्माण | २०७९।०३।२० | २०७९।०८।३० |
| २ | बल्चौरमा बादी बस्ती सुरक्षित आवास निर्माण | २०७९।०३।२० | २०७९।०८।३० |
| ३ | बचैला डमरिया खानेपानी योजना निर्माण | २०७९।०३।३० | २०७९।०८।३० |
| ४ | मोहनलाल नगर उद्यान पार्क निर्माण | २०७९।०३।३० | २०७९।०८।३० |
| ५ | शिवशक्ति श्री विद्यापिठ गुरुकुल आश्रमको भवन निर्माण | २०७९।०२।१५ | २०७९।०७।३० |

**प्रस्ताव नं. २ अनुदानमा गहुँको विउ उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिका क्षेत्रमा रहेका किसान, कृषक समुह तथा कृषि सहकारी संस्थाहरुलाई ५० प्रतिशत अनुदानमा गहुँको विउ उपलब्ध गराउनका लागि लम्कीचुहा नगरपालिकाको आ.व. २०७९।०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतको समपुरक कोषबाट एकमुष्ठ रु. ५०,००,०००।– (अक्षरुपी पचास लाख मात्र) रकम विनियोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा।**

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्रमा विगत देखि करार सेवामा कार्यरत कुल ७२ (बहत्तर) जना कर्मचारीहरुको मिति २०७९।०४।०१ गते देखि लागु हुने गरि मिति २०७९ पौष मसान्त सम्म नेपाल सरकारको आ.व. २०७९।०८० का लागि स्वीकृत तलव भत्ता भूक्तानी हुने गरि करार सेवाको अवधि थप गर्ने निर्णय गरियो, साथै यस लम्कीचुहा नगरपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा दैनिक ज्यालामा कामकाज गर्ने ४३ (त्रीचालिस) कर्मचारीहरुको समेत मिति २०७९ साल पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

तपशिल

| करार सेवाका कर्मचारीहरु | | | दैनिक ज्यालाका कर्मचारीहरु | | |
|---|---|---|---|---|---|
| क्र.सं. | नाम, थर | पद | क्र.सं | नाम, थर | पद |
| १ | कल्पना बजगाई | रोजगार संयोजक | १ | कमलराज तिरुवा | अमिन |
| २ | बीरेन्द्र शाही | अधिकृत | २ | सुरेस देवकोटा | अमिन |
| ३ | गौतम शर्मा | प्राविधिक सहायक | ३ | हेमन्त थापा | अमिन |
| ४ | बाबुराम चौधरी | ल्याव असिस्टेन्ट | ४ | ललित जैशी | सहायक क.अ. |
| ५ | योगेन्द्र बहादुर मल्ल | सव इन्जिनियर | ५ | सुरेन्द्र शाही | ल.प्र. चौथो |
| ६ | दिपेश बजगाई | एम.आई.एस अपरेटर | ६ | भवानी प्रसाद देवकोटा | सव इन्जिनियर |
| ७ | राम प्रसाद जैशी | एम.आई.एस अपरेटर | ७ | यादव न्यौपाने | सव इन्जिनियर |
| ८ | ममता बटाला | स्टाफ नर्स | ८ | जंग बहादुर शाही | ना.प्रा.स. |
| ९ | ममता जैसी | फिल्ड सहायक | ९ | समिता ज्ञवाली | अ.न.मी. |
| १० | राधा बजगाई | रोजगारस सहायक | १० | गिता वली | अ.न.मी. |
| ११ | सोबु कुमारी थापा | अ.न.मी. | ११ | नमिता अधिकारी | अ.हे.व. |
| १२ | रमानन्द बजगाई | लगत प्रविष्टकर्ता | १२ | ललिता न्यौपाने | अ.न.मी. |
| १३ | पुरन वि.क. | लगत प्रविष्टकर्ता | १३ | सुस्मा खड्का | ल्याव .अ. |
| १४ | प्रेम प्रसाद धमाला | योग प्रशिक्षक | १४ | निमा उपाध्याय | अ.हे.व. |
| १५ | समिक्षा सापकोटा | अ.हे.व. | १५ | दिलासा भण्डारी | ल्याव अ. |
| १६ | अनिला महरा | अ.न.मी. | १६ | बाबुराम चौधरी | ल्याव अ. |
| १७ | टिका भण्डारी | ल्याव असिस्टेन्ट | १७ | बखत चलाउने | का.स. |
| १८ | सरोजनी चौधरी | अ.न.मी. | १८ | राम बहादुर शाही | सवारी चालक |
| १९ | शिक्षा चौलागाई | ल्याव असिस्टेन्ट | १९ | सन्तोष कुमार चौधरी | का.स. |
| २० | दिव्या सिंह राठौर | अ.न.मी. | २० | रंगा देवी देवकोटा | माली |
| २१ | अरूण चौधरी | उद्यम विकास सहजकर्ता | २१ | नैन बहादुर बोगटी | का.स. |
| २२ | कविता चौधरी | उद्यम विकास सहजकर्ता | २२ | आषिस जैगडी | का.स. |
| २३ | नम्रता अधिकारी | ना.प्रा.स. | २३ | दुविधा न्यौपाने | का.स. |
| २४ | पुजा ताम्राकार | सहायक कम्प्यूटर अपरेटर | २४ | पदम कुमारी चौधरी | का.स. |
| २५ | अम्बीका रिमाल | सहायक कम्प्यूटर अपरेटर | २५ | खुशीराम थारु | का.स. |
| २६ | सिंगुराज चौधरी | खरिदार | २६ | कमला सिंह | का.स. |
| २७ | तिलक बोहरा | अ.सव इन्जिनियर | २७ | लक्ष्मी रोकाया | का.स. |
| २८ | बीरेन्द्र चौधरी | खरिदार | २८ | तजि बस्नेत | का.स. |
| २९ | निराजन बजगाई | का.स. | २९ | लक्ष्मी ठकुराठी | का.स. |
| ३० | भिमराज बजगाई | का.स. | ३० | राधिका कोईराला न्यौपाने | का.स. |
| ३१ | चेतना शाही | का.स. | ३१ | शेर बहादुर चौधरी | का.स. |
| ३२ | खकिन्द्र प्रसाद जैसी | का.स. | ३२ | मिना जैसी | का.स. |
| ३३ | मिना चौधरी | का.स. | ३३ | बिस्ना जोशी | का.स. |
| ३४ | चक्रप्रसाद उपाध्याय | का.स. | ३४ | मोती कार्की | का.स. |
| ३५ | सुनीता शाही | का.स. | ३५ | निर्प सार्की | का.स. |

| | | |
|---|---|---|
| ३६ | अस्मीता साउँद | का.स. |
| ३७ | लोकराज भण्डारी | का.स. |
| ३८ | कर्ण प्रसाद धमला | का.स. |
| ३९ | जनकराज भाट | का.स. |
| ४० | प्रदिपमान सुनार | का.स. |
| ४१ | मनोज बुढा | का.स. |
| ४२ | राज कुमारी चौधरी | का.स. |
| ४३ | मंगलदिन चौधरी | का.स. |
| ४४ | अनिता थारु | का.स. |
| ४५ | फत्ते चौधरी | का.स. |
| ४६ | शेर बहादुर चलाउने | का.स. |
| ४७ | गोपाल चौधरी | का.स. |
| ४८ | रामविलास राना | का.स. |
| ४९ | सुस्मिता चौधरी | का.स. |
| ५० | घनश्याम न्यौपाने | भारी सवारी चालक |
| ५१ | शालिकराम थारू | सवारी चालक |
| ५२ | पतीराम चौधरी | सवारी चालक |
| ५३ | तुलाराम चौधरी | सवारी चालक |
| ५४ | मदन बुढा क्षेत्री | सवारी चालक |
| ५५ | राजेश कामी | सवारी चालक |
| ५६ | कृष्ण रिजाल | सवारी चालक |
| ५७ | फट्टा चौधरी | सवारी चालक |
| ५८ | मनिराम चौधरी | सवारी चालक |
| ५९ | विकास चौधरी | सवारी चालक |
| ६० | खुशीराम चौधरी | सवारी चालक |
| ६१ | नृप टमट्टा | सवारी चालक |
| ६२ | धन बहादुर चौधरी | कुचिकार |
| ६३ | खुशीराम चौधरी | कुचिकार |
| ६४ | रमेश चौधरी | कुचिकार |
| ६५ | मनिराम चौधरी | कुचिकार |
| ६६ | नेत्र प्रसाद अधिकारी | सुरक्षा गार्ड |
| ६७ | कमल सिंह साउँद | सुरक्षा गार्ड |
| ६८ | केशव राज ढकाल | माली |
| ६९ | आरती चौधरी | का.स. |
| ७० | कृत सिंह रोकाया | गाई हेराला |
| ७१ | धर्मराज भण्डारी | गाई हेराला |
| ७२ | तारा सिंह बोहरा | गाई हेराला |
| ७३ | पदम कुमारी चौधरी | का.स. |

| | | |
|---|---|---|
| ३६ | खेम सुनार | का.स. |
| ३७ | लक्षिराम चौधरी | का.स. |
| ३८ | डबल बडुवाल | का.स. |
| ३९ | बुद्दीराम चौधरी | का.स. |
| ४० | सरिता कठरिया | का.स. |
| ४१ | लोकेन्द्र चौधरी | का.स. |
| ४२ | मञ्जु चौधरी | का.स. |
| ४३ | रमेश चलाउने | चौकीदार |

**प्रस्ताव नं. ४ शहरी शासकीय पूर्वाधार तर्फका योजना छनौट तथा कार्यान्वयन सम्बन्धमा ।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल शहरी शासकीय पूर्वाधार विकास आयोजनाद्वारा विनियोजित बजेटको सिमा भित्र रहि लम्कीचुहा नगरपालिका वडा नं. १ देखि १० सम्मका सम्पूर्ण वडाहरुमा तोकिएको बजेट सिमा भित्र रही योजना छनौट गरि यस लम्कचुहा नगरपालिकाको कार्यालयमा यथाशिघ्र पठाउनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ विविध सम्बन्धमा**

**प्रस्ताव नं. ५.१ अपाङ्गता परिचय पत्र वितरण समन्वय समिति गठन सम्बन्धमा ।**

निर्णय नं. ५.१ प्रस्ताव नं. ५.१ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा रहेका अपाङ्गता भएका व्यक्तिहरुको पहिचान तथा उनीहरुको सेवा माथिको पहुँच अभिवृद्दी गर्नका लागि लम्कीचुहा नगरपालिका अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ को दफा ५ बमोजिम तपशिल अनुसारको स्थानीय समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

**तपशील**

१. नगर उप-प्रमुख श्री जुना चौधरी-संयोजक
२. वडा सदस्य श्री राधा थापा-सदस्य
३. प्रधानाध्याप श्री मित्रलाल चौधरी
४. मेडिकल अधिकृत श्री डा. रवि शर्मा वाग्ले
५. प्रहरी निरिक्षक श्री शंकर बहादुर खड्का
६. अपाङ्ग चेतना समाज प्रतिनिधि श्री प्रेम बहादुर वयक
७. श्री अनिता ढुंगाना-सदस्य
८. श्री कर्ण प्रसाद चौधरी-सदस्य
९. श्री चक्र बहादुर मल्ल-सदस्य
१०.प्रमुख प्रशासकीय अधिकृत-सदस्य
११.महिला तथा बालबालिका शाखा हेर्ने कर्मचारी-सदस्य-सचिव

**प्रस्ताव नं. ५.२ कर्मचारी व्यवस्थापन सम्बन्धमा**

निर्णय नं. ५.२ प्रस्ताव नं. ५.२ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिकामा कार्यरत हलुका सवारी चालक श्री कृष्ण रिजालले राजिनामा पेश गरि निजको राजिनामा समेत स्वीकृत भैसकेकोले लम्कीचुहा नगरपालिकाको नाममा

रहेको सवारी साधन चलाउने गरि लम्कीचुहा नगरपालिका वडा नं. २ निवासी राम बहादुर शाहीलाई नियमानुसारको तलव भत्ता भूक्तानी गर्ने गरि मिति २०७९।०५।१७ गते देखि दैनिक ज्यालादारीमा नियुक्त गर्ने साथै लम्कीचुहा नगरपालिका क्षेत्रको फोहोर व्यवस्थापनका लागि मिति २०७९ साल जेठ महिना बाट कामकाज गरिरहेकोमा कुचिकारहरु लम्कीचुहा-०१ निवासी देशराम चौधरी थारु र लम्कीचुहा-०४ निवासी मंगल चौधरीको २०७९ साल असोज महिना सम्मका लागि कामकाजमा लगाउने र नियमानुसारको रकम दैनिक ज्यालादारीमा भूक्तानी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५.३ सेवा सुविधा भूक्तानी गर्ने सम्बन्धमा।**

निर्णय नं. ५.३ प्रस्ताव नं. ५.३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गतका वडा नं. १ देखि १० सम्मका सम्पूर्ण वडा कार्यालयहरुले वडा कार्यालयमा संकलन गर्ने राजश्व वापतको रकम समयमा कार्यालयमा दाखिला नगर्ने र सो कारण राजश्व चुहावट हुने अवस्था सिर्जना हुने भएकोले उक्त कार्य नियन्त्रणका लागि लम्कीचुहा नगरपालिका अन्तर्गतको राजश्व उप-शाखामा कार्यरत खरिदार श्री सिंगुराम थारु चौधरीलाई वडा कार्यालयमा संकलित राजश्व दाखिलाका लागि ताकेता गर्दा कार्यालय समय बाहेक पनि कामकाज गर्नुपर्ने भएकोले २०७९ साल श्रावण महिना देखि मासिक रु. ५,०००।- (अक्षरुपी पाँच हजार रुपैया मात्र) मासिक संचार खर्च तथा अतिरिक्त कामकाज गरे वापत उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ५.४ ग्राभेल वापतको रकम भूक्तानी सम्बन्धमा।**

निर्णय नं. ५.४ प्रस्ताव नं. ५.४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ४ का विभिन्न स्थानहरुका बाटाहरुमा वडा कार्यालयद्वारा गरिएको ग्राभेल कार्यका लागि ग्राभेल ढुवानी लगायतका कार्यका लागि लागत अनुमान र सवारी सम्झौता अनुसार हुन आउने रकम मध्ये रु. ६,००,०००।- (अक्षरुपी छ लाख रुपैया मात्र) लम्कीचुहा नगरपालिकाद्वारा भुक्तानी गर्ने र बाँकी रकम सम्बन्धित वडा कार्यालयको बजटे मार्फत भूक्तानी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५.५ कार्यविधि तथा निर्देशिकाहरु स्वीकृत गर्ने सम्बन्धमा**

निर्णय नं. ५.५ प्रस्ताव नं. ५.५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गतका विभिन्न शाखा तथा उपशाखाका लागि आवश्यक कार्यविधि तथा निर्देशिकाहरु स्वीकृतीका लागि पेश भए बमोजिम तपशिल अनुसारका कार्यविधि तथा निर्देशिकाहरु स्वीकृत गर्ने निर्णय गरियो।

१. लम्कीचुहा नगरपलिका सामुदायिक वन उपभोक्ता समुहस्तरिय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा तथा कार्यान्वयन निर्देशिका, २०७९
२. लम्कीचुहा नगरपालिकाको कृषि विकास शाखा अन्तर्गत विभिन्न स्वीकृत कार्यक्रमहरुको एकीकृत कार्यान्वयन मापदण्ड, २०७९

**प्रस्ताव नं. ५.६ घ वर्गको ईजाजत उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. ५.६ प्रस्ताव नं. ५.६ माथि छलफल गर्दा घ वर्गको ईजाजत उपलब्ध गराईपाउँ भनि लम्कीचुहा नगरपालिकाको कार्यालयमा पेश हुन आएकोले आवश्यक कागजात चेकजाच गर्दा घ वर्गको ईजाजत पत्र दिन उपयुक्त देखिएकाले **जेसा.वि.आर. निर्माण सेवा**लाई घ वर्गको ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ५.७ रकमान्तर गर्ने सम्बन्धमा**

निर्णय नं. ५.७ प्रस्ताव नं. ५.७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गतको कृषि विकाश शाखाबाट आ.व. २०७९।०८० को वार्षिक समानीकरण अनुदान तर्फ स्वीकृत कार्यक्रम अनुसार तपशील अनुसारको शिर्षकमा विनियोजित रकम लाई आर्थिक विकास समितिको मिति २०७९।०५।०९ गतेको निर्णय बमोजिम देहाय अनुसारका शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो।

**तपशील**

| क्र.सं. | विनियोजित शिर्षक | विनियोजित रकम | रकमान्तर गर्नुपर्ने शिर्षक | रकमान्तरबाट गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | गहुँ बालीको प्रबर्द्धन कार्यक्रम | १०,००,०००।- | कृषि शाखाका लागि संचार, मसलन्द, विविध कार्यक्रमहरु तथा अनुगमन खर्च | ३,००,०००।- | |
| | | | कृषि शाखाका कार्यक्रमहरु संचालन बैठक खर्च | १,००,०००।- | |
| | | | दैनिक भ्रमण भत्ता | १,५०,०००।- | |
| | | | बेमौसमी तरकारी तालिम संचालन | २,५०,०००।- | |
| | | | कृषि सम्बन्धी तालिम संचालन | २,००,०००।- | |
| | | जम्मा | | १०,००,०००।- | |

**प्रस्ताव नं. ५.८ आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. ५.८ प्रस्ताव नं. ५.८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरुबाट पेश हुन आएका सिफारिस बमोजिम गम्भिर प्रकारका रोगहरुबाट ग्रसित तपशील अनुसारका व्यक्तिहरुलाई प्रतिव्यक्ति १५,०००।- (अक्षरुपी पन्ध्र हजार मात्र) का दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

१. मनिष विश्वकर्मा, लम्कीचुहा-०१
२. आर्गन चौधरी-लम्कीचुहा-०९

**प्रस्ताव नं. ५.९ शिक्षा समिति गठन सम्बन्धमा।**

निर्णय नं. ५.९ प्रस्ताव नं. ५.९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गत विद्यालयमा दिईने शिक्षाको व्यवस्थापनका लागि शिक्षा ऐन, २०२८ को दफा ११ (ट) बमोजिम तपशिल अनुसारको नगर शिक्षा समिति गठन गर्ने निर्णय गरियो।

**तपशील**

१. नगर प्रमुख श्री सुशिला शाही-संयोजक
२. वडा अध्यक्ष श्री लब बहादुर शाही-सदस्य
३. वडा सदस्य श्री समिक्षा वड-सदस्य
४. प्रधानाध्यापक श्री निर्मला पोखरेल-सदस्य
५. प्रधानाध्यापक श्री गजेन्द्र शाही-सदस्य
६. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख-सदस्य सचिव

**प्रस्ताव नं. ५.१० शिक्षण सहयोग अनुदानमा कोटा वितरण सम्बन्धमा।**

निर्णय नं. ५.१० प्रस्ताव नं. ५.१० माथि छलफल गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्र योजना तथा अनुगमन शाखाको पत्र संख्या २०७९/०८० च.न. १७ मिति २०७९/०४/१५ गतेको पत्रानुसार चालु आ.व २०७९।०८० को बजेट उपशिर्षक नम्बर ३५००१८०१ विद्यालय शिक्षा क्षेत्र योजना तर्फ सशर्त अनुदानको रुपमा वित्तिय हस्तान्तरण भई स्थानीय तहमार्फत नगर सभाबाट समेत बजेट स्वीकृत भई कार्यक्रम कार्यान्वयन हुनेगरी यस लम्कीचुहा नगरपालिकामा कार्यक्रम कार्यन्वयनको अवस्थामा छ। सो सम्बन्धमा उक्त स्वीकृत कार्यक्रम तर्फको क्रियाकलाप नं २.७.१३.४० माध्यामिक तह कक्षा (९-१०)मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान वापत यस नगरपालिकामा रु. १,६८,६८,०००।–(अक्षरुपी एक करोड अठ्सठ्ठी लाख अठसठ्ठी हजार मा र क्रियाकलाप नं २.७.१३.४१ आधारभुत तह कक्षा(६-८) मा अंग्रेजी , गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान वापत रु. २५,३७,०००।–(अक्षरुपी पच्चिस लाख सैतिस हजार मात्र) प्राप्त भएको र माध्यामिक तह कक्षा (९-१०) मा १३ वटा विद्यालयमा कुनै पनि राहत अनुदान र स्थायी र अस्थायी दरबन्दी समेत नभएको र १ वटा मा.वि मा १ वटा मात्र मा.वि राहत भएकोले जम्मा १४ वटा विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा स्विकृत बजेटको परिधि भित्र रहेर अंग्रेजी, गणित र विज्ञान विषयको कोटा वितरण गर्दा स्विकृत बजेट रकम समेत पुग्ने देखिन्छ र आधारभूत तह कक्षा ६-८ मा सञ्चालित विद्यालयमा ६ वटा विद्यालयमा कुनैपनि स्थायी, अस्थायी करार र राहत अनुदान कोटा समेत विद्यालयमा उपलब्ध छैनन भने आधारभूत तह(६-८) सञ्चालित मध्ये ८ वटा विद्यालयमा प्रत्येकमा १ वटा राहत

अनुदान कोटा उपलब्ध छन। विद्यार्थीको अत्याधिक चापका कारण पठनपाठन कार्य सुचारु गर्न समेत कठिनाई उत्पन्न हुदै आएको छ। नेपाल सरकारको एकातिर आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क र माध्यामिक तहसम्मको शिक्षा माथि उल्लेखित क्रियाकलाप नं २.७.१३.४० र २.७.१३.४१ मा मिति २०७९।०४।१५ मा अर्को व्यवस्था नभएसम्मका लागि आ.व २०७८।०७९ को स्विकृत बजेट र अनुदान कोटा भन्दा बढी शिक्षक नियुक्ति नगर्न नगराउनु हुन भनि शिक्षा तथा मानव स्रोत विकास केन्द्र(योजना तथा अनुगमन शाखा) बाट पत्राचार भएको हुँदा आ.व २०७९।८० को वित्तिय हस्तान्तरण भई आएको स्विकृत बजेटको पिरिधि भित्र र शिक्षण सहयोग अनुदान व्यवस्थापन निर्देशिकाको परिधिभित्र रही उक्त शिक्षण सहयोग अनुदान कोटा (अंग्रेजी,गणित र विज्ञान गरी एउटा विद्यालयमा बढीमा ३ कोटा आवश्यक्ता र निर्देशिका अनुसार) वितरण गर्न यस लम्कीचुहा नगरपालिकालाई अनुमति प्रदान गरीदिन पत्राचार गर्ने र अनुमति माग गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ५.११ आ.व.२०७८।०७९ को शिक्षकहरुको अन्तिम चौमासिक तलव निकासा सम्बन्धमा।**

निर्णय नं. ५.११. प्रस्ताव नं. ५.११ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गतका समुदायिक विद्यालयहरुमा कार्यरत आधारभुत तहका राहत अनुदान शिक्षक, माध्यामिक तहका राहत तथा प्राविधीक धारका प्रशिक्षक सहित अनुदान शिक्षक, प्रारम्भिक बालबिकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको आ.व. २०७८।०७९ को अन्तिम चौमासिक वापतको तलब भत्ता रकम विविध कारणवश फ्रिज भई फिर्ता गएकोमा सो रकम निकासा फिर्ताका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरलाई अनुरोध गर्नका लागि आवश्यक पत्राचार गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५.१२ आ.व. २०७८।०७९ को विशेष तथा समपुरक रकम निकासा फिर्ता सम्बन्धमा।**

निर्णय नं. ५.१२ प्रस्ताव नं. ५.१२ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा संचालित तपशिल बमोजिमका समपुरक तथा विशेष अनुदान तर्फका योजनाहरुको निर्माण कार्य सम्पन्न भैसकेकोमा अन्तिम चरणको निकासाका लागि विविध प्राविधिक समस्या सिर्जना भई भूक्तानी हुन नसकेकोमा रकम फ्रिज भई फिर्ता गएकोले सो रकमको निकासा फिर्ताका लागि राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौँमा अनुरोध गर्ने निर्णय गरियो।

**तपशील**

१. शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ५ वटा विद्यालयको भवन निर्माण (विशेष अनुदान)

२. बल्चौर बादी बस्तीमा सुरक्षित आवास निर्माण (समपुरक अनुदान)

**प्रस्ताव नं. ५.१३ १५ शैयाको अस्पतालको रकम भूक्तानी र सो को सोधभर्ना सम्बन्धमा।**

निर्णय नं. ५.१३ प्रस्ताव नं. ५.१३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. १० मा निर्माण भईरहेको १५ शैयाको अस्पताल निर्माणको कार्य सुचारु रहेको तर सो अस्पताल निर्माणका लागि संघिय सरकारबाट विनियोजित

रकम निकासा भैनसकेको अवस्थामा प्रथम रनिङ बिल वापतको रकम भूक्तानी गर्दा बाँकी रहन गएको रकम यस कार्यालयबाट भूक्तानी दिने र अस्पताल निर्माणका लागि विनियोजित रकम निकासा पश्चात सो रकमबाट सोधभर्ना गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५.१४ योजनाको म्याद थप सम्बन्धमा।**

निर्णय नं. ५.१४ प्रस्ताव नं. ५.१४ माथि छलफल गर्दा राष्ट्रिय भूमि आयोग अन्तर्गत राष्ट्रिय भूमि आयोग, स्थानीय सेवा केन्द्रद्वारा संचालन गरिएको जग्गा नापजाँचको कार्यका लागि तपशिल बमोजिमका परामर्शदाताहरुसंग सम्झौता गरि जग्गा नापजाँचको कार्य सूचारु गरिएकोमा सम्झौतामा उल्लेख गरिएको Work Plan अनुसार जग्गाको नापजाँच गरि पुर्जा प्रमाणिकरण समेत सम्झौता गरिएको परामर्शदाताले नै गर्नुपर्ने व्यहोरा लेखिएकोमा उक्त परामर्शदाताले जग्गा नापको कार्य सम्पन्न गरिसकेकोमा पुर्जाको प्रमाणिकरण स्थानीय तह सदस्य निर्वाचन र तोकिएको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनका कारण समयमा सम्पन्न गर्न कठिनाई हुने हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौं संसोधन) को नियम १२० को उप-नियम ३ बमोजिम २०८० साल असार मसान्तसम्म सम्झौता रकम बाहेकको थप आर्थिक भार नपर्ने गरि सम्झौताको म्याद थप गर्ने निर्णय गरियो।

**तपशिल**

१. जसोदा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. धनगढी, कैलाली
२. सेती सैपाल इन्जिनियरिङ् सर्भिसेज प्रा.लि. अत्तरिया, कैलाली

**प्रस्ताव नं. ५.१५ पुराना घरहरुको अभिलेखिकरण सम्बन्धमा।**

निर्णय नं. ५.१५ प्रस्ताव नं. १.१५ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिकाको कार्यालयमा हालसम्म दर्ता भई अभिलेखिकरणको प्रक्रियमा रहेका पुराना घरहरुको अभिलेखिकरण प्राविधिकको सिफारिसका आधारमा गर्ने र नयाँको हकमा घरहरुको अभिलेखिकरण सम्बन्धी कार्यविधि तयार गरि सोही बमोजिम अभिलेखिकरण कार्य गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५.१६ घरनक्सा पास सम्पन्न प्रमाण पत्र सम्बन्धमा।**

निर्णय नं. ५.१६ प्रस्ताव नं. ५.१६ माथि छलफल गर्दा यस लम्कचुहा नगरपालिकामा विगतका वर्षमा नक्सा पास गरि घर निर्माण कार्य थालनी गरि तोकिएको समयावधीभित्र काम सम्पन्न नगरेका घरधनीहरुको हकमा प्राविधिकको स्थलगत निरिक्षण तथा अनुगमन प्रतिवेदनका आधारमा नक्सा पास वापत हुन आउने रकमको १५०% जरिवाना वापत हुन आउने रकममा पहिले तिरेको दस्तुर रकम घटाई घरनक्सा पास सम्पन्न प्रमाण पत्र उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ५.१७ नमुना विद्यालय माग सम्बन्धमा।**

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

निर्णय नं. ५.१७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. १ मा रहेको कालिका माध्यामिक विद्यालयले नमुना विद्यालयका लागि सिफारिस माग गरे बमोजिम उक्त विद्यालयलाई नमुना विद्यालयमा स्तरोन्नतीका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरलाई सिफारिस गरि पठाउने निर्णय गरियो।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल